# नेपाल राष्ट्र बैंक
## बैंक सुपरिवेक्षण विभाग

**इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु, बैंकका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतलाई आ.व.२०८२/८३ को चोथौ त्रयमासमा गरिएको कारवाही ।**

| क्रसं | बैंकको नाम | पटक (आ.व. २०८२/८३) | अनिवार्य नगद मौज्दात अनुपात/ बैधानिक तरलता अनुपात | तोकिएका क्षेत्रमा कर्जा प्रवाह नभई गरिएको जरिवाना | विपन्न वर्ग क्षेत्र कर्जा | ब्याजदर अन्तर | कर्जा/ श्रोत परिचालन अनुपात | अन्य कारवाही |
|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | पहिलो | | | | | | १. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले यस बैंकबाट जारी बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१ को विनियम ५ को (१) मा उल्लेख भएको व्यवस्थाको उल्लंघन गरी यस बैंकको निर्देशन पालना नगरेकोले अब आइन्दा सो विनियमावलीमा भएको व्यवस्था अनुसार समयमै बैंक खाता रोक्का राख्ने व्यवस्था गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को १ (क) मा भएको व्यवस्थाबमोजिम राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई सचेत गराइएको । |
| २ | कृषि विकास बैंक लिमिटेड | पहिलो | | | | | | १. कृषि विकास बैंक लिमिटेडको विशेष स्थलगत निरीक्षणको क्रममा उक्त बैंकले बैंक खाता रोक्का गर्न नेपाल राष्ट्र बैंक र कानून कार्यान्वयन गर्ने निकायले गरेको अनुरोधबमोजिम समयमै खाता रोक्का नगरी यस बैंकको निर्देशन उल्लंघन गरेकोले बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१ (प्रथम संशोधनसहित) मा भएका खाता रोक्कासम्बन्धी व्यवस्थाबमोजिम अनुरोध प्राप्त हुनासाथ खाता रोक्का/फुकुवा गर्न कृषि विकास बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैंक ऐन, २०८५ को दफा १०० को उपदफा १(क) बमोजिम सचेत गराइएको । |
| ३ | प्रभु बैंक लिमिटेड | पहिलो | | | | | | १. प्रभु बैंक लिमिटेडको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन, २०८१ मा देखिएका गम्भीर प्रकृतिका कमजोरीहरु समयमै सुधार गर्न बैंक अग्रसर नभएकोले उक्त बैंकको सञ्चालक समितिलाई यस अघि सचेत गराई उल्लिखित कैफियत समयमै सुधार गर्न सुधारको योजना तर्जुमा गरी लागू गर्न उक्त बैंकको सञ्चालक समितिलाई निर्देशन समेत |

# नेपाल राष्ट्र बैंक
## बैंक सुपरिवेक्षण विभाग

**इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु, बैंकका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतलाई आ.व.२०८२/८३ को चोथौ त्रयमासमा गरिएको कारवाही ।**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दिइएकोमा २०८१ चैत मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा २०८२ मा गरिएको उक्त बैंकको जोखिममा आधारित समष्टिगत स्थलगत निरीक्षणका क्रममा समेत उल्लेखित कैफियतहरुमा अपेक्षित सुधार नदेखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (संशोधन समेत) को दफा १०० को उपदफा १ को खण्ड (ख) बमोजिम सुधारात्मक कदम चाल्नका लागि प्रभु बैंक लिमिटेडको सञ्चालक समितिलाई कबुलियतनामा गराइएको ।<br><br>२. प्रभु बैंक लिमिटेडको विगतका समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनहरुमा कर्जाका सम्बन्धमा दिइएका अधिकांश निर्देशनहरु बैंकले पालना नगरी यस बैंकबाट जारी भएका निर्देशनहरु पटक पटक उल्लंघन गरेको, बैंकको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन २०८२ अनुसार अघिल्लो निरीक्षण प्रतिवेदनमा उल्लिखित अधिकांश कैफियतहरु सुधार नगरेको, यस बैंकबाट जारी एकीकृत निर्देशन, २०८१ को इ.प्रा.निर्देशन नं २ बमोजिम कर्जाहरुको वर्गीकरण नगरी पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र यस बैंकमा पेश गरेको कर्जा सम्बन्धी विवरण बैंकको कोर बैकिङ्ग सिस्टमबाट प्राप्त हुने कर्जा विवरण भन्दा फरक हुने गरी पेश गरेको हुँदा बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन उल्लंघन गरेकोले निजलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (संशोधनसमेत) को दफा १०० उपदफा २(ग) बमोजिम रु.पाँच लाख रुपैंया नगद जरिवाना गराइएको । |

***